
# कालु स्कुल जाँदैछ

लेखक: कुवान हुवा



# कालु स्कुल जाँदैछ

लेखकः कुवान हुवा

अनुवादक : देवेन्द्र तिम्ला

प्रकाशक
चिन्तन प्रकाशन
पो. ब. नं. २४३३
काठमाडौं, नेपाल

संस्करण : प्रथम, २०५३
प्रकाशित संख्या : २००० प्रति
मूल्य रू ५।–

मुद्रक
ऐश्वर्य छापाखाना
रक्तकाली, काठमाडौं
फोन : २१३२७९

# आवरण कथा

यो उत्तरी चीनको पहाडी गाउँको एउटा बच्चाको कथा हो । यसले जापानी अतिक्रमण विरोधी युद्ध (१९३७-१९४५) को अवधिमा आइरन ब्वाइ (नेपाली नाम कालु- अनु.) नामको आठ वर्षको बच्चा गरिवीको कारणले स्कुलबाट कसरी निकालियो भन्ने कुरा बताउँछ । आमाले उसलाई स्कुल पठाउन १०० वटा अण्डा जम्मा गरी राख्छिन् तर सबै अण्डा जमिन्दारको चम्चाले खोसेर लैजान्छ । त्यसपछि कालुको बाजे, जो पहाडमा शिकार गर्ने गर्छन्- ले जनावरहरूको छाला बिक्री गरी स्कुलमा तिर्नु पर्ने शुल्कको लागि पैसा जम्मा गर्छन् तर पनि परपीडक जमिन्दारले उसलाई स्कुलबाट निकालि दियो यहाँसम्म कि यसको विरोध गर्ने शिक्षकलाई पनि स्कुलबाट निकालि दियो ।

त्यसपछि आठौं मार्ग सेनाले सो गाउँलाई मुक्त गऱ्यो र गाउँमा जनसत्ता स्थापना भयो । गाउँका गरीबले देशद्रोही जमिन्दारलाई फालेर आफैले स्कुलको स्थापना गरे जहाँ कालु र ऊ जस्ता अरू बच्चाहरूले पढ्न पाए ।

यस कथाले देशद्रोही जमिन्दारले कति निर्दयतापूर्वक किसानहरूलाई दमन गरी शोषण गर्दथ्यो भन्ने कुरा देखाउँछ र त्यसको विरूद्धमा संघर्ष गर्ने कालुको न्यानो प्रशंसा गर्दछ ।

**पात्र परिचय :**

Iron Boy – कालु

Ku Pei–Nsiung – कु पेइ-सिउङ : कालुको बा

Ku Ta Peng – कु ता पेङ : कालुको बाजे

Kao Hai Chen – काओ हाइ चेन : जमिन्दारको कारिन्दा, चम्चा

Tai Jung–Hau – ताइ जङ्ग हु : गाउँको सामन्त, जमिन्दार

Chai Yun–Sheng – चाइ युन शेङ्ग : स्कुलको शिक्षक



# एक

चीन स्वतन्त्र हुनु अघिको कुरा हो, चियाङ्चुङ नदीको किनारमा पर्ने लुङगहु गाउँमा कालु नाम गरेको आठ वर्षको एउटा केटो बस्दथ्यो ।

उसको बाबु कु पेइ–सिउङ गाउँको जमिन्दारको घरमा हली थिए । उसको बाजे, कु ता–पेङ जीवन गुजराको लागि पहाडको जङ्गलमा शिकार गर्दथे । त्यस काममा उनले खराब मौसमसँग जुध्नु पर्दथ्यो । तर पनि पारिवारिक स्थिति पहिलेभन्दा बिग्रँदै गएको थियो । त्यस्तो अवस्थामा भोको परिवारको काललाई स्कुल जाने पैसा कहाँ पाउनु !

उसलाई पनि स्कुल जान साह्रै इच्छा थियो । त्यसैले आफ्नो अभिभावकसँग स्कुल पठाइदिन सँधै अनुरोध गर्दथ्यो । उसको दिन-दिनको कचकचले कु पेङ्-सिउङलाई साह्रै रिस उठेछ । उनले कालुको गालामा एक थप्पड लगाइदिए । त्यसपछि कालु सँधै जस्तै आमासँग दाउरा खोज्न जङ्गल जान थाल्यो ।

एक दिनको कुरा हो, उनीहरू स्कुलको बाटो भएर गाउँतर्फ आउँदै थिए । स्कुलका केटाकेटीहरूले पढिरहेको आवाज सुन्न कालु रोकियो । उसले आमाको पाखुरा समात्यो । उसको आँखाबाट आँसु बगिरहेको थियो । उसले आमाको टालेको बाहुलामा आँसु पुछ्यो । धेरै समयसम्म केही नबोली बस्यो ।

कालु स्कुल जान कति चाहन्छ भन्ने बुझ्दा र उसलाई स्कुल पठाउन नसक्ने आफ्नो अवस्था सम्झँदा आमा साह्रै खिन्न र दुःखी भइन् । कालुको टाउको सुम्सुम्याउँदै तिनले भनिन्, "मलाई थाहा छ बाबु ! अरू स्कुल गएको देख्दा तिमीलाई कति इर्ष्या लाग्छ । तर हाम्रो कुखुरीले फुल पार्न थालेको छैन । म त्यसले फुल पार्न थालेपछि त्यसलाई जम्मा गरी एक सय वटा पुगेपछि त्यसलाई बिक्री गरी तिमीलाई स्कुलमा भर्ना गरिदिन्छु ।"



त्यसपछि कालुले कुखुरी र कुखुरीको फुल बाहेक अरू केही सोच्नै नसक्ने भयो । कुखुरीको गुँड भएको ठाउँमा दिनमा कैयौं पटक हेर्न जान्थ्यो । कालुले दिनमा किरा फट्याङ्ग्रा समातेर त्यस अमूल्य कुखुरीलाई खुवाउँथ्यो र साँझ पर्नासाथ न्याउरीमुसा र मलसाँप्रोबाट कुखुरीलाई जोगाउन त्यसको गुँड वरिपरि ईटा ढुङ्गा राख्दथ्यो ।



कालुको लागि कुखुरीले फुल पारेपछि मात्र दिन सुरू हुन्थ्यो । कुखुरीले फुल नपारेको दिन ऊ ठुस्किएर बस्दथ्यो । ऊ कुखुरीको प्वाँखसम्म नछोई बस्दथ्यो ।

एक रात कालु निद्रामा खित्का छोडेर हाँस्यो । ऊ हाँसेको सुनेर आमाले किन हाँसेको भनी कालुलाई निद्राबाट जगाइन् । तब कालुले आमाको कानमा



बिस्तारै भन्यो, "मैले भर्खरै फुलहरू गनें, त्यहाँ एक सय वटा फुलहरू रहेछन् । अब भोलीदेखि म स्कुल जान सक्नेछु ।"

"बेवकुफ केटा, के भनिरहेछस् ?" उसको आमाले भनिन्, "त्यहाँ उनन्पचास वटा मात्र फुलहरू छन् ।" आमाले त्यति भन्नसाथ कालु सुँक्क-सुँक्क गर्दै रून थाल्यो । आमाले उसलाई आफ्नो नजिक तानिन् र भनिन्, "मुस्कुराउ मेरो प्यारो छोरा ! त्यो दिन पक्कै आउने छ । तब हामीले फुल बेच्ने छौं र तिमी स्कुल जान पाउने छौ ।"

# दुई

अन्तमा, साँच्चिकै एक सय वटा फुल जम्मा भयो । कालुले टोकरीमा पराल राखेर त्यसभित्र जतनसाथ फुलहरूलाई मिलाएर राख्यो । बजार जाँदा बाटोमा अण्डा नफुटोस् भनी उसले त्यसो गरेको थियो । बिहानको खाजा खाएर कालु र उसको आमा बजारमा फुल बेच्न जाँदै थिए । उसको मुटु आज खुसीले चाँडो-चाँडो चलेको थियो । उसले हतार हतार एक कचौरा तरकारीको झोल पियो र आमालाई चाँडो गर्न अनुरोध गऱ्यो ।

ढङ ! ढङ ! ...... । अचानक अनिष्टकारी ढोल पिटेको आवाज आयो । गाउँको कठपुतली 'शान्ति सुरक्षा समिति' प्रमुख काओ हाइ-चेन, गाउँ प्रमुख ताइ जङ-हु (जसलाई उसको अपराधहरूले गर्दा गाउँलेहरूले 'सैतान' भन्दथे) ले सूचना सुनाइरहेको थियो ।

"जापानी शाही सेनाको आदेश छ- सबैले अन्न तथा पैसा बुझाउनु !" कारिन्दा कराउँदै थियो- "यो बेठी बुझाउने समय भन्ने थाहा छैन ?"

कालुको आमाले भाँडा माझिरहँदा उक्त सूचना सुनिन् । उनको अनुहार कुनै अप्रिय घटनाको डरले पहेंलो भयो । उनी कोठामा पसिन् र कालुलाई भनिन्, "अन्न जम्मा गर्न राक्षसहरू आए । फुलको टोकरीलाई चाँडो लुकाऊ ।" उनले कालुको हातबाट फुलको टोकरी लिएर बिस्तारै सन्दुकभित्र राखिन् ।

"उनीहरूले सन्दुक हेरे भने के गर्ने ?"

आमाले सोचिन् साँच्चिकै तिनीहरूले त्यहाँ हेर्ने धेरै सम्भावना थियो । तिनले टोकरीलाई ढोकाको पछाडिको घ्याम्पोमा राखिन् । उक्त स्थान पनि सुरक्षित नभएको सोचिन्  किनभने त्यस घ्याम्पोमा चामल हुन सक्ने सोचेर त्यहाँ पनि हेर्न सक्दथे । कालुलाई घरमा पस्ने तगारो बन्द गर्न लगाई आमाले फुलको टोकरी लिएर बाजेको कोठामा गइन् । अनि त्यहाँ बाजेको फाटेको ओछ्यानको पोका पछाडि टोकरीलाई लुकाइन् ।

आमा बीचको कोठामा जाँदा उनीहरूलाई आँगनमा देखिन् । उनीहरू ब्वाँसो झैं फुँकार गर्दै घरभित्र पसेका थिए । उनीहरूसँग कठपुतली सैनिक पनि  थियो ।

"हामी अन्न उठाउन आउँदा तैंले तगारो लगाउने साहस कसरी गरिस् ? के तँ मास्टर काओलाई तगारो लगाए अवरोध खडा गर्न चाहन्छेस् ?" त्यसपछि ऊ कालुको आमातर्फ फर्कियो । "तैंले अन्न ल्याएर हामीलाई भेट्नु पर्ने ठाउँमा किन यो केटालाई तगारो लगाउन अह्राइस् ? के तँ अन्न उठाउने कुराको विरोध गर्छेस् ?"

"हामीसँग खानको लागि त एक गेडा अन्न छैन !" आमाले भनिन्, "तपाईंहरूलाई दिने अन्न कहाँ पाउने ?" उनले कचौरामा तरकारीको झोल राखेर काओको नाकै नजिक लगेर देखाइ दिइन् जसले गर्दा काओ रिसाएर आँखा तर्दै फुँकार गऱ्यो ।


"तँसँग अन्न नभए किन दिन दहाडै तगारो लगाइस् ?"

"मेरो कुखुरा नभागोस् भनी तगारो लगाएँ त के बिग्रियो ?" कालुले जवाफ दियो ।

जमिन्दारको चम्चाले कालुलाई आँखा तरेर कुट्न जाइ लाग्न के आँटेको थियो उसको दिमागमा नयाँ विचार आयो । उसले आँखा मिच्दै सिपाहीलाई आदेश दियो, "ठीक छ, अन्न नभए त्यही कुखुरा समात् ।"

कालु आफ्नो बहुमूल्य कुखुरीलाई बचाउन तत्काल दौड्यो । तर उसले सिपाहीलाई भेट्न सकेन । कालुले सोच्यो उसले कुखुरी गुमाउन पर्‍यो भने स्कुलमा कति दिन पढ्न सक्ला र ?

कुखुरी थाकेर एउटा कुनामा पस्यो । "कुखुरीले मलाई चिन्दछ । त्यसैले यसलाई म समाती दिन्छु ।" कालु कुखुरी पसेको कुनातर्फ दौड्यो ।



सिपाही कुखुरी लखेट्दा थाकी सकेको थियो । उसको श्वास बढेको थियो तर पनि कुखुरी समात्न सकेको थिएन । त्यसैले कालुको कुराले ऊ खुसी भयो ।

"ठीक छ । कुखुरी समातेर दिएमा हामी आउँदा तगारो लगाएको कसुर माफ गरिदिन्छौं ।"

कालुले कुखुरीलाई सजिलैसँग समात्यो । तर सिपाहीले त्यसलाई खोस्नु अगावै हावामा उडाइ दियो । कुखुरी उडेर पर्खाल नाघेर छिमेकीको आँगनमा पुग्यो ।

"तँलाई छौडा, कुखुरी हामीलाई दे ।"



कालुले कुखुरीको फुल लिएर सैतान काओ गएको देख्यो । आमा त्यसको पछि-पछि दौडन थालिन् ।

"चोर ! त्यो फुल त्यहीं राख् । त्यो बच्चालाई स्कुल पठाउन जम्मा गरेको हो ।" आमा कराइन् । आमाले फुलको टोकरी खोस्न लागिन् तर उसले उनलाई धक्का दिएर जमिनमा लडाइ दियो ।

कालु रिसले आगो भयो । "आमा ! मेरा फुलहरू !" उसले चिच्यायो र काओतर्फ दौड्यो । तर उसलाई सिपाहीले समात्यो । कालुले फुत्कन प्रयास गर्‍यो तर सकेन । किनकि सिपाहीले उसको पाखुरामा बेस्करी समातेको थियो । उसैको अगाडि उसको फुलहरूमाथि डकैति गरियो । कालुले सिपाहीको हातमा बेस्करी टोकिदियो । टोकाइको पीडाले सिपाही चिच्यायो ।

"छोड् राक्षस नत्र गोली ठोकिदिउँला ।" सिपाहीले कालुको टाउकोमा थप्पड लगायो । टाउकोको पीडाले उसको आँखा अगाडि कालो छायो । ऊ बेहोस भएर लड्न लाग्दा उसको आमाले समातेर छातिमा टाँसिन् । त्यसै मौकामा सिपाही पनि त्यहाँबाट हिंड्यो ।

## तीन

नर्कको दोस्रो सैतान काओ हाइ–चेनले गाउँमा बाली संकलन अभियान जारी राखेको थियो । ऊ जहाँ जान्थ्यो, त्यहाँ कु ता–पेङलाई गाली गर्दथ्यो । "त्यसो भए कु ता–पेङले आफ्नो नातिलाई स्कुल पठाउने सोच्दैछ । भ्यागुतो भएर पनि हाँसको मासु खाने सपना देख्दैछ । उसले त्यसको खर्च कसरी तिर्ने सोचेको छ ?"

जब कु बाजे शिकारबाट फर्के, तब उनले काओको सबै कुरा थाहा पाए । उनी साह्रै रिसाए । रिसाउँदै नातीको लागि स्कुल फी जम्मा गर्न दुई वटा ब्वाँसोको छाला बेच्न शहरतर्फ लागे ।

बजारबाट घर फर्केपछि बाजे कुले कालुको आमालाई भने, "अब तिमी उसलाई स्कुल पठाउन सक्छ्यौ ।" पैसालाई **काङ्**★मा राखेर उनी फेरि शिकारमा गए ।

कालुको आमाले उसको हातमुख धोइदिइन् । त्यसपछि फाटेको कमिज र सुरूवाल टालेर लगाइ दिइन् । "शिक्षकले भनेको कुरा ज्ञानी भएर मान र मिहेनत गरी पढ ।" आमाले भनिन्, "हामी जस्ता गरिबहरूलाई स्कुल जान सजिलो छैन । हामीहरू एकदमै थिचिएका छौं । हजुरबा आरामसँग सास पनि नफेर्दै पुनः जंगलमा शिकार गर्न फर्कनु पऱ्यो । तिम्रो बाले जमिन्दारको घरमा सँधै गोरूले झैं काम गरिरहनु भएको छ । हामीले मुश्किलले उहाँलाई देख्दछौं ।"

---

★ ***काङ् : जाडोमा तल आगो बालेर तातो बनाउन मिल्ने माटोको खाट***



कालुले यी सबै कुरा बुझ्यो । उसलाई आमाले ढोकासम्म पुऱ्याइन् । ऊ आमालाई हेरेर मुस्कुरायो र खुसीसाथ स्कुल गयो । कालु स्कुलको खेल्ने मैदानमा पस्नासाथ उसका साथीहरूले सोधे, "कालु कहाँ जाँदैछौ ?"

"कक्षा कोठामा !" कालुले गर्वसाथ उत्तर दियो । त्यसैबेला कालु अचानक कसैसँग ठक्कर खान पुग्यो । उसले आफू देशद्रोही जमिन्दार

ताईको छोरासँग ठक्कर खाएको कुरा थाहा पायो । त्यो कालुको बाटो छेकेर उभिएको थियो । कालु उसको 'सानो मालिक'लाई छोडेर घुमेर जान लाग्यो । तर त्यसले फेरि पनि कालुको बाटो छेक्यो । फेरि कालु जान खोज्यो तर उसले बाटो छोड्दै छोडेन ।

एकछिनसम्म दुवैले एक अर्कालाई हेराहेर गर्दै उभिए । ताईले कालुलाई चुनौति दियो । कालु अचानक रिसाउँदै चिच्यायो, "के गरिरहेको छु भन्ने सोचेको छस् ?"

कालुलाई धक्का दिँदै उसले भन्यो, "भाग यहाँबाट ! मेरो बा'ले भन्नुभएको तिमीहरू जस्ताको लागि यहाँ आउने अनुमति छैन ।"

कालु पनि पछि हट्नेवाला थिएन । एक पाइलो अगाडि बढेर उसले पनि भन्यो, "के यो तेरो बाउको सम्पत्ति हो ?" कालुले छाति खोलेर उसलाई धम्क्यायो । त्यसले के भन्ने सोच्नै सकेन । रातो आँखा झिम् झिम् गर्दै अचानक कालुको छातिमा एक मुक्का हिर्काएर भाग्न खोज्यो । तर कालु पनि कम चलाख थिएन । उसले त्यसको घाँटीमा समात्यो र उठाएर एक घुस्सा लगायो । उनीहरूलाई हेरिरहेका बच्चाहरूलाई चकित पार्दै ऊ जमिनमा लड्यो । ताई जमिनबाट उठ्यो र अनुहारको फोहर पनि नपुछि एक कदम अगाडि बढ्यो र भन्यो, "तैंले मलाई कुट्ने हिम्मत कसरी गरिस् ?" त्यसले भन्यो, "तेरो बाजे **यि हो–तुआन**◆ डाँकाहरूको सरदार भएकोले तँ यहाँबाट भाग्न सक्छु भन्ने सोचेको छस् !"

"यि हो–तुआन साम्राज्यवादीसँग लड्दछ । तर तेरो बाउ त जापानी साम्राज्यवादीको पिठ्ठू हो !" कालुले प्रतिवाद गऱ्यो । दुवै जनाले एक

---

◆ ***यि हो–तुआन लोकप्रिय साम्राज्यवादी विरोधी सेना जसलाई पश्चिममा 'बक्सर' भनेर चिनिन्थ्यो ।***



अर्कालाई घुम्दै हेरे । धेरैजसो बच्चाहरूले कालुको पक्षमा ताली पिटे । तर केहीले जमिन्दारको छोराको पक्षमा पनि ताली पिटे ।

ताईले कालुको दाउपेचलाई प्रयोग गर्न खोज्यो । तर उसको निसाना चुक्यो । कालुलाई लडाउन खोजेको ठाउँमा ऊ आफै लड्न पुग्यो । छात्रहरू बीच चर्को हाँसोको फोहोरा छुट्यो । केही छात्रहरूले ताली समेत पिटेर भने, "फेरि यस्तै गर ! फेरि यस्तै गर !"

दुई पटकसम्म पराजित भएकोमा ताईले आफू अपमानित भएको सोच्यो र नजिकैको टायल उठाएर कालुलाई ताकेर हान्यो । तर कालुले त्यसलाई चलाखीसाथ छल्यो । त्यस टायलले एउटा केटीको टाउकोमा लाग्यो जसले गर्दा उनको टाउकोबाट रगत बग्यो । उक्त केटीले चित्कार गरी । ठूला छात्रहरू शिक्षकलाई खबर गर्न दौडे ।



शिक्षक चाइ युन-शेङ्ग त्यस स्कुलमा नयाँ थिए । उनले हालैमात्र ग्रामीण शिक्षक तालिम स्कुलबाट पढाई सकेका थिए । उनको अनुहार पहेंलो थियो, कपाल कोरिएको थिएन । उनले निलो रङ्गको पुरानो सुती



गाउन लगाएका थिए । शिक्षक चाइले त्यस घटनाको खबर पाउनासाथ स्कुलको खेल्ने चौरतर्फ दौडे । उनले उक्त छात्राको निधारको घाउमा पट्टी बाँधिदिए अनि त्यहाँ भएको घटनाको बारेमा सबै कुरा सोधे र ताईलाई बेस्करी झपारे ।

शिक्षक चाइले त्यहाँबाट फर्कन लाग्दा ताईले कालुको कलर समातेको देखे । उनले उनीहरूलाई फेरि छुट्याए । ताई अझै पनि आक्रमण गर्न कराउँदै अगाडि बढ्यो । उनी रिसाएर त्यसलाई एकातर्फ धकेलिदिए र कालुलाई लिएर कक्षा कोठातर्फ गए । कालुलाई हातपात गर्ने ताईलाई रूँदै घर जान त्यहीं छोडिदिए ।

शिक्षक चाइले पढाइ सुरू गर्न घण्टी बजाए । विद्यार्थीहरू कक्षा कोठामा जान लाइन लागे । त्यसैबेला एउटा मान्छे आँधि आएजस्तो गरी स्कुलको चौरमा पस्यो ।

"मालिक ताईको टाउकोमाथि गुँड बनाउने च्याखुरालाई झुण्ड्या ।" ऊ गर्जियो, "मेरो मालिकले उसलाई खाने गास दिनुभएको छ तर पनि त्यसले सानो मालिकलाई चिढ्याउन कसरी हिम्मत गर्‍यो ? उसको भलो गर्ने मान्छेको पक्षमा काम गर्नु पर्ने ठाउँमा उसको विरूद्धमा काम गर्ने ?"

कालुले शिक्षकको बाहुलामा तानेर नरकको दोस्रो सैतान आएको कुरा बतायो । "हेर्नुहोस्, त्यसले तपाईलाई गाली गर्दैछ ।"

"म डराएको छैन ।" शिक्षक चाइले भने । जमिन्दारको कारिन्दा काओ हाइ–चेनले कालुलाई कुट्न हात उठायो । "दरिद्र ! तँसँग 'शान्ति सुरक्षा समिति' लाई दिन पैसा छैन तर स्कुल आउनको लागि तँसँग पैसा हुन्छ । यहाँबाट निस्किहाल । कुनै पनि मगन्तेहरूलाई यो स्कुलभित्र पस्न ताई मालिकको अनुमति छैन ।"

"के यो तपाईको स्कुल हो ?" कालु एक पाइलो अघि सरेर कारिन्दालाई सोध्यो । "यदि यस्तो हो भने यसलाई ताईको आँगनमा किन सार्नुहुन्न ?"

कारिन्दाले कालुलाई कुट्न मुड्की कसेर उठायो । शिक्षक चाइ कालुलाई बचाउन बीचमा आए । त्यसलाई तिखो नजरले हेर्दै उनले सोधे, "तपाई यहाँ के कामले आउनुभयो ?"

कारिन्दा फर्कियो र भन्यो, "म के कामले यहाँ आए जस्तो मान्छस् ? म रगत पिउन आएको । तैंले मेरो सानो मालिकलाई दुर्व्यवहार गरिस् ।"

कालु त्यहाँ बसिराख्न सकेन । ऊ शिक्षकको पछाडिबाट करायो । "दुर्व्यवहार ? त्यो तिम्रो सानो मालिकले गरेको छ । त्यसले छात्रालाई टायलले हान्यो !"

गुरूले कालुलाई चुप लाग्न भने र कारिन्दालाई सोधे, "आखिर तपाई कसलाई गाली गर्दै हुनुहुन्छ भन्नुस् त ?"



"म कसलाई गाली गर्दैछु भन्ने कुरा तँ राम्रोसँग बुझ्दछस् ।" उसले तिर जस्तै तिखो नजरले गुरूलाई यसरी हेर्‍यो मानौं उसले संसार भरका गरिबहरूलाई गर्ने घृणा व्यक्त गर्न चाहन्छ । "मेरो सानो मालिकलाई दुर्व्यवहार गरेर तैंले कु परिवारलाई सहयोग गरिस् ।"

शिक्षक चाइको रिसले सीमा नाघ्यो । उनको आँखाबाट आगोको ज्वाला निस्कियो । "याद राख्नुस्, यो एउटा स्कुल हो ! विद्यार्थीलाई कसरी पढाउने, कस्तो व्यवहार गर्ने भन्ने कुरा सोच्ने शिक्षकको काम हो, चाहे त्यो 'सानो मालिक' होस् वा अरू कोही ! र, तिमी आखिर कस्तो मान्छे हौ ? निर्लज्जतासाथ शिक्षकलाई अपशब्द भन्दै स्कुलमा गोलमाल गर्ने !" शिक्षक चाइले ढोका तर्फ देखाएर उसलाई तत्काल स्कुल छोड्न आदेश दिए ।

"ए त्यसो पो," कारिन्दाले आफ्नो पाखुरा सुर्कंदै भन्यो, "तैंले यसको सजायँ अवश्य पाउनेछस् ।" उसले गुरूको अनुहारमा ताकेर एक मुक्का हिर्कायो ।

शिक्षक चाइले कारिन्दाको पाखुरा समातेर बेस्करी पछाडि धकेलिदिए । जुन कुरा कारिन्दाले कहिल्यै सोचेको थिएन । गाउँलेहरूले उसलाई हृदयदेखि घृणा गर्दथे तर कसैले पनि उसको विरूद्धमा औंला ठड्याउन सक्दैनथे । उसले शिक्षकलाई चर्को स्वरमा जथाभावी गालि गर्दै पुनः आक्रमण गर्‍यो । ऊ शिक्षक नजिक पुग्नु अगावै कालुले एक अञ्जुली बालुवा उठाएर आक्रमणकारीको अनुहारमा हान्यो । जसले गर्दा त्यसको आँखा र मुखमा बालुवा पस्यो । त्यसले आँखा मिच्न थाल्यो र खुट्टामा केही चिज अड्केर भुइँमा लड्यो ।

शिक्षक चाइलाई त्यसै दिन कामबाट अवकास दिइयो र सोही दिन गाउँ छोड्न पनि जमिन्दारले आदेश दियो । उसले कसैलाई पनि शिक्षकलाई बिदाई गर्न जाने अनुमति दिएन । उनको समानहरू गाडामा राखेर लग्न

पनि प्रतिवन्ध लगायो । शिक्षक चाइले निर्भिकतासाथ आफ्नो बिछ्यौनाको पोको काँधमा राखेर त्यहाँबाट गए ।

गाउँबाट केही पर पुग्दा पछाडिबाट कसैले आफूलाई बोलाएको सुने । मध्य शरद ऋतुको जाडोमा पनि कालु पातलो कमिज र सुरूवाल मात्र लगाएर दौडदै आइरहेको थियो । उसले शिक्षकलाई समातेर खिन्न हुँदै हेर्‍यो । उसका आँखाबाट आँसु बगिरहेको थियो । उसले सुक्क सुक्क गर्दै सोध्यो, "म केही दिन स्कुल जान सक्छु सर ?"

कालुको टाउकोमा थपथपाउँदै शिक्षकले भने, "आठौं मार्ग सेनाले गाउँलाई मुक्त गरेपछि तिमी जस्ता सबै बच्चाहरू स्कुल जान सक्नेछौ ।" त्यसपछि उनी त्यहाँबाट हिंडे ।

कालुले धेरैबेरसम्म शिक्षक चाइ गएको हेरिरह्यो । टाढा क्षितिजमा बन्दुक पड्केको मधुरो आवाज आयो । "हामीलाई मुक्त गर्न आठौं मार्ग सेना कहिले आउलान् ?" उसले आफैलाई प्रश्न गर्‍यो ।

## चार

कुहिरो लाग्ने शरद ऋतुको समय थियो । प्रत्येक घरको छाना, पर्खालहरूको बार, रूखका पात नभएका हाँगाहरू र हरियो गहुँबारीमा प्रत्येक रात बाक्लो तुषारो पर्दथ्यो । सूर्य उदाउँदा र अस्ताउँदा टाढा क्षितिजमा सुनौला बादल र रक्तिम सूर्यका किरणहरू फैलन्थ्यो । त्यसबेला चियाङचुङ नदीका किनाराहरू रङ्गले शोभायमान हुन्थे ।


त्यस समयमा बन्दुक पड्केको आवाज आउँदा बच्चाहरू तालि पिट्दै गीत गाउँथे ।

आकाश रातो छ
धरती पनि रातो छ
झण्डा, घोडा एवम् भालाहरू –
सबै रातै छन् ।
आक्रमणकारीहरूलाई मास्न
आठौं मार्ग सेना आउँदैछन् ।

जनताका घरहरूमा, बाटो र नदीका घाटमा जनता हँसिलो अनुहार गरी आफ्ना विचारहरू पोख्दथे– "चाँडै नै आठौं मार्ग सेना यहाँ आइपुग्ने छन् ।"

एक रात आठौं मार्ग सेनाको अगाडि बढिरहेको टुकडी लुङगुहु गाउँमा आइपुग्यो । कालुको बाबु, बाजे र अन्य प्रौढ गाउँलेहरूले जनताको सेनालाई खान बस्नको लागि अन्न, दाउराहरू जम्मा गरे ।

गाउँलेहरू व्यस्ततासाथ सेनाका लागि हलुवा तरकारी बनाउन तरकारी काट्ने, पानी उमाल्ने जस्ता काम गरिरहेका थिए । पूरा गाउँ नै एक ढिक्का भएर काममा जुटेको थियो ।



कालुले टेबुल, बेञ्च पुछ्न र भुइँमा कसिङ्गर लगाउन आमालाई सघायो। त्यसपछि उसले झ्यालबाट टुकी बत्ती निकाल्यो। त्यसलाई मुश्किलले मात्रै कहिले काहीं प्रयोग गरिन्थ्यो। त्यसैले त्यसमा ध्वाँसो लागेको थियो। उसले त्यसलाई नटल्किउञ्जेल सफा गरिरह्यो। जब उसले टुकी बाल्यो, पूरा कोठा उज्यालो भयो।

कालुकी आमाले आठौं मार्ग सेना आएको खबर सुन्नासाथ उनीहरूको लागि ताजा दाल पकाउन विहानै सिमी हेरेकी थिइन र अहिले त्यसलाई पिस्न जाँतोमा गइन्। कालु पनि आमासँगै जाँतोमा गयो।

आमा पिर्कामा बसेर एक हातले जाँतो घुमाउँदै अर्को हातले जाँतोमा घान लगाई सिमी पिस्न सुरू गरिन्। उनको कपाल अगाडि आएर आँखा छोपेर उनलाई दुःख दियो। उनले कपाल पछाडि लगिन् तर एकै छिनमा कपाल फेरि अगाडि आयो। उनले टाउको झड्कारेर कपाल पछाडि सारेर कालुलाई भनिन्, "कालु, जाँतोमा सिमीको घान लगा' त !"


तर कालुले त्यसो गर्ने समय कहाँ पाउनु ! बाटोमा मानिसहरू कुरा गर्दै हिंडेको सुन्नसाथ ऊ चिच्याउँदै त्यतैतिर दौड्यो– "आठौं मार्ग सेना आइपुगे !"

आमाको अनुहारमा खुसीका लहरहरू दौडिए। "हेर, ऊ कति खुसी भएको छ ! आठौं मार्ग सेना आइपुगे, अब ऊ स्कुल जान सक्नेछ।" आमाले मनमनै भनिन्।

एकछिन पछि कालु कागजको लालटिन लिएर दौडँदै आयो। त्यस लालटिनमा 'आठौं मार्ग सेनालाई स्वागत छ' भन्ने वाक्य लेखिएको थियो। आमालाई देखाउन कालुले त्यस लालटिनलाई माथि उचाल्यो र हँसिलो अनुहारले आमालाई सोध्यो, "मानाओ काकीले यो लालटिन दिनुभएको छ। के हामीसँग मैनबत्ती छ आमा ?"

"बेवकुफ केटा ! हामीसँग कहिले पो मैनबत्ती थियो र ?" आमाले जाँतो तर्फ फर्कँदै प्रश्न गरिन्, "र फेरि यस्तो टहटह जूनमा तँलाई किन लालटिन बाल्नु पऱ्यो ?"

कालुको उत्साहमा अलिकति चिसो पानी पोखियो । यसले गर्दा ऊ रिसाएर खुट्टा बजाऱ्यो र पल्लो घरतर्फ कुद्यो र बज्यैसँग मैनबत्ती छ कि



भनि सोध्यो । ऊ लालटिन बालेर फर्कंदा बाटोमा अरू बच्चाहरू पनि राता निला लालटिन लिएर आएको भेट्यो । सबै बच्चाहरू बुढापाकासँगै गाउँको छेउमा गए ।

जब कालुको बाजेले बच्चाहरूलाई देखे, तब मायालु स्वरमा भने, "अघिको इकाईले सेना आएको कुरा गोप्य राख्न भनेको होइन ? फेरि यो धुमधाम किन ?"

कालु र अरूहरू लालटिन लिएर आ–आफ्नो घर गए । कालुले लालटिनलाई घरको दलिनमा भुण्ड्यायो । त्यसको रक्तिम प्रकाशले कोठा कुनै चाडको समयमा जस्तो जगमग देखिएको थियो ।

गाउँको छेउमा ठूलो भीड जम्मा भयो । सबैका आँखाले चियाङचिङ नदीको पुलतर्फ हेरिरहेका थिए जहाँबाट उनीहरूले आफ्नो सेना आउने आशा गरेका थिए ।

कालु भीडलाई पन्छाउँदै अगाडि गयो र बाटो तर्फ हेर्दै सोधिरह्यो, "के तिनीहरू आउँदै छन् ? के तिनीहरू आउँदै छन् ?"

एक जना बुढा बा आँखा मिच्दै बाटो हेर्दै थिए । कसैले उनलाई पछाडिबाट धक्का दियो । "कसले हो यसो गरेको ?" उनी कराए, "मलाई किन धकेलेको ?"

उनलाई कालुले धकेलेको थियो । "अब म स्कुल जान सक्छु !" कालु खुसीले हाँस्दै करायो, "अब म स्कुल जान सक्छु !"

जमिन्दार ताईको छोरा नजिकै उभिइरहेको थियो । उसले कालु खुसीले कराएको सुन्यो । उसले आँखा चिम चिम गर्दै कालुलाई चियाएर हेर्‍यो र भीडभित्र पस्यो । कालु खुसीले फेरि करायो, "अब म स्कुल जान सक्छु !"

जून लागिसक्दा पनि सेना नआएकोले गाउँलेहरू चिन्तित भएर टाढा हेरिरहेका थिए ।




"उनीहरूलाई पर्खिएको यतिका समय भइसक्यो।" भीडबाट कसैले भन्यो, "यतिबेला उनीहरू यहाँ भइदिएको भए !"

त्यसपछि एक जना गाउँले अचानक कराए, "हेर ! उनीहरू आइरहेका छन् !"

कालुले भीडमा टाउको घुसारेर आफ्नो लागि बाटो बनायो र चाँडै नै आफ्नो बाजे भएको ठाउँमा पुग्यो। उनको हात समातेर केटोले चर्को स्वरमा सोध्यो, "बाजे, उनीहरू कहाँ छन् ? मैले त देख्न सकिन !"

बाजेले कालुलाई काँधमा बोके। त्यसपछि उसले नदी किनारको रूखहरू बीचको बाटोमा संगीनहरू टल्केको देख्यो। जूनको उज्यालोमा त्यो ठाउँ दुई वटा टापुहरू जस्ता देखिएको थियो। कालु बाजेको काँधबाट उत्रेर नजिक आइरहेका सैनिक जवानहरूलाई भेट्न गाउँलेहरूसँगै दौड्यो।

आकाशमा कता कति बादलका टुक्राहरू फैलिएका थिए। जूनको नौलो प्रकाशमा उनीहरू चम्किला देखिएका थिए। लडाकुहरूसँग हात मिलाउन गाउँलेहरू दौडिए। उनीहरूले योद्धाहरूलाई आफ्नै परिवारका मान्छेलाई जस्तै स्वागत गरे।



कालु एक जना योद्धाको आडमा उभिएको थियो । कालुले उसको हात बलियोसँग समात्यो र सोध्यो, "आठौं मार्ग सेनाका काका, के तपाईले स्कुलको कुनै किताब ल्याउनु भएको छ ?"

कालुको त्यस प्रश्नले गर्दा उक्त सैनिक छक्क परिरह्यो । पछाडिबाट अर्को योद्धाले सोध्यो, "हेल्लो, त्यहाँ को हो ? कालु हो ?" कालु त्यस योद्धा भएको ठाउँ तिर गयो । त्यस योद्धाले खैरो पोशाक लगाएको थियो । उसको कम्मरको छालाको पेटिमा पेस्तोल झुण्डिइरहेको थियो । सैनिक टोपी भित्रबाट उसको कालो आँखाले कालुलाई हेरिरहेको थियो । ऊ मुस्कुराइ रहेको थियो ।

"तिमीले मलाई चिनेनौ ?" उक्त मान्छेले सोध्यो । उनी शिक्षक चाइ थिए ! कालु दौडिएर उसले शिक्षकलाई अङ्कमाल गऱ्यो । उनलाई त्यहाँबाट

लैजान खोज्यो । "मसँग घर हिंड्नुहोस् ! तपाईको लागि आमाले सिमीको दाल र चटनी बनाएकी छिन् ।"

"कालु, मलाई यसरी नतान !" शिक्षक चाइले नम्र स्वरमा भने, "आठौं मार्ग सेना भनेको अनुशासित सेना हो । यसको कुनै पनि सैनिक आफूले चाहँदैमा बाहिर जान मिल्दैन !"

शिक्षक चाइले कालुलाई काँधमा बोके । शिक्षकको काँधबाट हात हल्लाएर कालु करायो, "आठौं मार्ग सेना आइपुगे ! गरिब जनताका बच्चाहरू अब स्कुल जान सक्छन् !"





# पाँच

गाउँको जमिन्दारले शिक्षक चाइलाई गाउँबाट निष्काशन गरेपछि उनी आठौं मार्ग सेनामा भर्ती भएका थिए र कम्पनी साक्षरता कक्षाको निर्देशक भए । त्यसपछि लुङगहु गाउँ मुक्त भयो । उनले त्यस गाउँमा पढाएको हुँदा नेतृत्वले उनलाई त्यहाँ किसान अभियान समुहमा काम गर्न अह्रायो ।

यो समुह स्थानीय कार्यकर्तासँग मिलेर गाउँको 'शान्ति सुरक्षा समिति' लाई ध्वस्त पारी नयाँ राजनैतिक शक्ति स्थापना गर्न कार्यरत थियो । कालुको बाजे गाउँ प्रमुख चुनिए । देशभक्त युवा, महिला तथा बाल संगठनहरू निर्माण गरिए । देशद्रोही ताई र उसको विश्वासपात्र काओलाई आमसभामा निन्दा गरियो ।

जनता गाउँमा प्राथमिक स्कुल बनाउन व्यस्त भए । कालु र उसका साथीहरूले शिक्षक चाइलाई धेरै पटक सोधे, "आठौं मार्ग सेना आएपछि हामी स्कुल जान सक्छौं भन्नुभएको होइन ?"

शिक्षक चाइले मुस्कुराएर जवाफ दिन्थे, "सबै कुरा पालैसँग हुन्छ । पहिलो कुरा पहिले हुनुपर्छ । अझै जनसत्ता राम्रोसँग स्थापित भएको छैन भने गरिब बच्चाहरू कसरी स्कुल जान सक्छन् ? गरिब जनताको स्कुल तबमात्र हुन्छ जब उनीहरूको राजनैतिक सत्ता स्थापना हुन्छ ।"

गाउँ प्रमुख, बाजे कुले चर्को स्वरमा भने, "बाल सेनाको तालिम भइरहेको छ । जाऊ र त्यसमा सामेल होऊ । त्यसपछि तिमीले दाउरा जम्मा गर्न सक्छौ । हामीले तिरो तथा ब्याज घटाउने समस्याको बारेमा छलफल गरेपछि गाउँमा स्कुल बनाउने बारेमा सोच्नेछौं ।"

बुढो मान्छेको भनाइलाई जोड दिँदै कालुको पेटलाई देखाएर शिक्षक चाइले भने, "हो ! खाली पेटले कसरी स्कुल जान सक्छौ ?" कालुले यो कुरा मान्यो कि यो काम गर्न गाह्रो छ, त्यसकारण उसले शिक्षक चाइलाई कचकच गर्न छोड्यो ।

एक दिन चाङचुङ नदीको पुल नजिकै कालु र उसको छिमेकी केटीले दाउरा जम्मा गरिरहेका थिए । उनीहरूले एक जना मानिस गाउँबाट जाँदै गरेको देखे । उसले खैरो फित्ता भएको चुच्चे टोपी, ऊनले तगेको कालो ज्याकेट लगाएको थियो । उसले काखीमा केही चिज लुकाएको थियो ।

कालुले निधारमा हात राखेर आँखामा छायाँ पाऱ्यो र त्यसलाई नियालेर हेऱ्यो । "के त्यो शिक्षक चाइ होइनन् ?" उसले आश्चर्य व्यक्त गऱ्यो, "तर उनले किन त्यस्तो कपडा लगाए ?"

"गाउँमा स्कुल बनाउन त्यस्तो व्यस्त भएको समयमा शिक्षक चाइ कसरी गाउँ छोड्न सक्नुहुन्छ ?" त्यस केटीले यो हुन सक्ने सोचिन ।

त्यो मान्छे बाटो छेउको तुषारो लागेको गहुँ बारीमा अडियो र कालुलाई बोलायो, "कालु, यो चील-गुँडे चुचुरो तिर जाने बाटो होइन ?"



उक्त मानिस शिक्षक चाइ नै थिए । कालुले डोको भूइँमा राख्यो र चिच्याउँदै उनीतिर दौडियो । "शिक्षक चाइ, तपाई किन त्यता जाँदै हुनुहुन्छ ? के तपाई फेरि फर्केर आउनुहुन्छ ?"

"अवश्य !" शिक्षक चाइले उत्तर दिए । त्यसपछि चील-गुँडे चुचुरामा कसरी पुग्ने बारे कालुले सबै कुरा उनलाई बतायो ।

"त्यो पुल तर्नुस्, त्यसपछि तपाई वायुपंखी घोडे चुचुरा जाने बाटोमा पुग्नुहुन्छ । त्यसपछि तपाई पश्चिमतर्फ लाग्नुस्, भञ्ज्याङ्गमा ठूलो सल्लाघारी नआउँदासम्म हिंडिरहनुस् । त्यहाँबाट धेरै डाँडाहरू नाघ्दै उत्तर तर्फ जानुस् । तपाई चील-गुँडे चुचुरोमा पुग्नुहुन्छ । गत वसन्तमा म त्यहाँ बाजेसँग शिकार खेल्न गएको थिएँ । म तपाईलाई बाटो देखाउने अनुमति चाहन्छु ।"

शिक्षकले पुलतर्फ फर्केर कालुलाई भने, "तिमीले दाउरा जम्मा गर । बाटो म आफै खोज्न सक्छु ।"

कालु एकछिन आँखा झिम झिम गर्दै उभियो । त्यसपछि शिक्षक चाइतर्फ दौडेर उनलाई अँगालो हाल्यो र दुःखित हुँदै भन्यो, "म तपाईलाई जान दिन्न !" आश्चर्य चकित भएका शिक्षक चाइले त्यसको कारण सोधे, तब कालुले गनगन गऱ्यो, "तपाई सेनामा फर्कनु हुन्छ र हाम्रो स्कुलको बारे सबै कुरा बिर्सनु हुन्छ ।"

शिक्षक चाइले आफूले ल्याएको बोरा देखाएर कालुको कानमा बिस्तारै भने, "म तिमीहरूको लागि पढ्ने किताब लिन जाँदैछु । भोलिबाट कक्षा सुरू हुन्छ । जब तिमीहरू स्कुलमा हुनेछौ, तब मेरो काम हुनेछ ।"

खुसीले कालुको आँखा चम्किरहेको थियो । उसले टाउको हल्लाएर सोध्यो, "के तपाई स्कुलको बारेमा ढुक्क हुनुहुन्छ ?"

शिक्षक चाइले कालुलाई पुनः विश्वास दिलाए र त्यहाँबाट हिंडे । उनले पुल पार गरेर पछाडि फर्केर हेर्दा कालुले छिमेकी केटीसँग कानेखुसी गरेको देखे । चाँडै नै केटीको चर्को हाँसो हिउँले ढाकिएको जंगल पार गरी वायुपंखी घोडे चुचुरोतर्फ जाँदै गरेका शिक्षक चाइसम्म पुग्यो ।

टाढा मेशिनगन पड्केको आवाज आइरहेको थियो तर त्यस हिमाली जंगलको वातावरण एकदमै शान्त थियो ।



एक हुल फिस्टाहरू पुच्छर हल्लाउँदै हल्ला गर्दै हिउँले ढाकिएका रूखहरूमा चहचहाई रहेका थिए। तिनीहरूले गर्दा हिउँका ढिक्काहरू रूखबाट खसेर घामको किरणमा इन्द्रेणी परिरहेको थियो।

चराहरूको त्यस अस्वभाविक क्रियाकलापले शिक्षक चाइलाई चनाखो पाऱ्यो। चराहरूको त्यस्तो क्रियाकलापको कारण पत्ता लगाउन उनी रोकिए। त्यस जंगलको उत्तर तर्फ शत्रुहरूको गढ थियो। त्यहाँबाट तीन किलो मिटर उत्तर पूर्व उनीहरूले अवरोध गृहहरू निर्माण गरेका थिए र अवरोध गृह बीचमा तिनीहरूले पूर्व पश्चिम फैलिएको लामो ट्रेन्च खनेका थिए। कतै शत्रुहरू आउँदै त छैनन् ?

शिक्षक चाइ ठूलो चट्टानको पछाडि लुके। राइफल बोकेका सात जना कठपुतली सैनिकहरू ट्रेन्चको गस्ती गर्दै पहाडको अवरोध गृहतर्फ जाँदै थिए। ए, कठपुतली सैनिकहरूको गस्तीले गर्दा चराहरू तर्सिएका रहेछन्।

कठपुतली सैनिहरू केही पर पुगेपछि शिक्षक चाइले ट्रेन्च पार गरे र खोल्सातर्फ झर्न थाले । त्यसपछि झाडीहरू पन्छाउँदै उकालो चढे । जंगलको बाक्लो झाडीले गर्दा शत्रुले उनलाई देख्न सकेनन् र उनी पहाडको टाकुरामा पुगे । उनले केहीबेर आराम गर्न भनी बोरा ओछ्याएर बसे । अचानक पछाडिपट्टि सऱ्याक सुरूक आवाज आयो । उनले फर्केर पछाडि हेरे तर केही देखेनन् । के यो आवाज सुकेको घाँसलाई हावाले हल्लाए आएको हो ? तर यो दवेको आवाज छ । अचम्म मान्दै उनले चारैतिर हेरे । त्यसपछि पहराको छेउमा गएर तलतिर पनि हेरे । कतै केही छैन । उनी अचम्भित भएर चट्टानमा गएर बसे ।

उनले घाँसहरू फेरि चलेको सुने । त्यो आवाज नजिकैको अर्को ठूलो चट्टान पछाडिबाट आएको जस्तो लाग्दथ्यो । उनी चनाखो भएर त्यतैतिर गए । त्यहाँ कालु हतार हतार निहुरिएर लुक्दै थियो ।



"तिमी यहाँ के गर्दैछौ ?" शिक्षक चाइले चिन्तित भएर सोधे ।

तर कालुले मुस्कुराउँदै गर्वसाथ जवाफ दियो, "म तपाईलाई पुस्तक ल्याउने काममा सहयोग गर्न आएको ।"

"तिमी खाना खान नफर्कदा आमाले पिर गर्न थाल्नु हुनेछ ।" उनले गम्भीरतापूर्वक सम्झाउन थाले, "असल केटा भएर घर जाऊ ।"

तर कालुले आँखा झिम् झिम् गर्दै आफू आवश्यक कामले गर्दा केही समयको लागि शिक्षक चाइसँग गएको कुरा घरमा आमालाई खबर गर्न भनिसकेको कुरा शिक्षक चाइलाई बतायो ।

शिक्षक चाइले पहाडलाई हेरे र फेरि आफूले भर्खरै पार गरी आएको ट्रेन्चलाई फर्केर हेरे । त्यसपछि लामो श्वास फेरेर कालुलाई भने, "जब तिमी यति टाढा आइसक्यौ भने म तिमीलाई एक्लै फिर्ता पठाउँदिन । मसँगै हिंड !"

कालु खुसीले फुरुङ्ग पऱ्यो । उसले डोको बोक्यो र शिक्षक चाइलाई बाटो देखाउने काम गऱ्यो । उनीहरू मध्यान्नमा चील गुँडे चुचुरोमा पुगे ।



# छ

आठौं मार्ग सेनाको छापाखाना नरकटले ढाकिएको सुरक्षित एवम् गुप्त स्थानमा थियो । त्यो गुफा चील गुँडे चुचुरोको उत्तरी मोहोडामा पर्दथ्यो ।

कालु निहुरिएर, शिक्षकको ज्याकेट समात्दै उहाँको पछि–पछि गुफाभित्र पस्यो । उनीहरूले गुफाको सुरूको खण्ड पार गरी केही भित्र पस्दा अर्को छेउबाट उज्यालो आएको देखे । उनीहरू प्रकाश आएको तर्फ गइरहे । "ओह !" कालुले आश्चर्य व्यक्त गऱ्यो । त्यसपछि कालुले आफूलाई मैनबत्ती बलिरहेको तीन वटा साना कोठाहरू जत्रो गुफामा पायो । सतह मिलेको ठूलो ढुङ्गाको टुक्रालाई टेबल र सानो ढुङ्गाको टुक्रालाई बेञ्चको रूपमा प्रयोग गरिएको थियो । त्यहाँ उल्लासपूर्ण वातावरण थियो । आठौं मार्ग सेनाका केही सैनिकहरूले लेखिरहेका थिए । कोही स्टेनशिल काटिरहेका थिए । एक जनाले हाते लिथो मेशिन चलाइरहेको थियो । अरूहरूले छापिएका कागजलाई



मिलाएर काट्दै स्टिच गरिरहेका थिए । सबैले कालु र शिक्षक चाइलाई न्यानो अभिवादन गरे ।

त्यहाँ वरिपरिका धेरै वस्तुहरू कालुका लागि नौला थिए । त्यहाँको वातावरणमा भूइँमा ओछ्याइएको बाक्लो परालको मिठो वास्ना फैलिरहेको थियो । सैनिक कम्मल, ओभर कोट, पछाडि भिर्ने ठूलो झोला, पेस्तोल, हाते बम आदि यता उता छरिएका थिए । गुफाको बीचमा ठूलो कित्लीमा केही कुरा उमाली रहेको थियो । त्यसको नजिकै कचौराहरू र खाना खाने काँटाहरू थिए ।

आठौं मार्ग सेनाको एउटा सिपाहीले शिक्षक चाइ र कालुलाई वाफ उडिरहेको एक-एक कचौरा तातो पानी दिए । जसलाई विस्तारै चुस्कि लिँदै कालुले वरिपरिका मानिसहरूलाई नियालेर हेऱ्यो । सबैजसो महिला तथा

पुरूष लडाकुहरूले रूवा तगेको सैनिक बर्दी लगाएका थिए । केहीले चस्मा पनि लगाएका थिए । चस्मा लगाउनेहरूमा लिथो मेशिन चलाउने तरूण महिला थिइन् जसले कम्मरमा छालाको पेटी बाँधेकी थिइन् । उनको सैन्य टोपी पछाडि फर्केको थियो । त्यसबाट कपालले बाहिर चियाइरहेको थियो । उनले स्टेनसिल राखिएको फ्रेम माथि मसी भएको रोलरलाई सावधानीसाथ घुमाउँदै एउटा-एउटा गर्दै छापिएको कागजलाई निकाली राखेकी थिइन् ।

कालुले कचौरा भुइँमा राख्यो र उनको नजिक गयो । उसले ठूलो मान्छेले जस्तै हात पछाडि लगेर समातेको थियो । उसले सावधानीसाथ रोलरलाई हेरेर आश्चर्य व्यक्त गऱ्यो । "त्यसोभए तपाईले हाम्रो लागि छपाईको काम गरिरहनु भएको छ !" ती महिला सैनिक छक्क परिन् र भनिन्, "ओह, तिमीहरूको त धेरै दिन पहिल्यै पूरा भइसकेको छ । उ हेर त सबै त्यहीं छन् ।"

कालु खुसीले त्यतै तर्फ दौड्यो । त्यहाँ गुफाको पर्खालमा राम्रोसँग मिलाएर राखिएको एक चाङ्ग पुस्तकहरू थिए । उसले पुस्तकलाई अँगाल्दै चर्को स्वरमा चिच्यायो, "हामीले स्कुल किताब पायौं ! हामीले स्कुल किताब पायौं !"

शिक्षक चाइ एक जना सैनिकसँग कुरा गरिरहेका थिए । उनी कालुतर्फ फर्किए र भने, "त्यस्तरी नचिच्याऊ !"

कालु उक्त जवान महिलाको नजिक गयो र ज्यादै खुसी भएर सोध्यो, "के यो छपाईको काम सबै तपाईले नै गर्नु भएको हो ?"

ती जवान महिला मुस्कुराइन् र रोलर चलाउन छोडेर कालुसँग कुरा गर्न लागिन् । भोको बिरालोको बच्चाले जस्तै कालुले किताबको चाङ्गलाई हेरिरहेको थियो । उनले ढुङ्गाको टेबलबाट एउटा किताब झिकेर उसलाई दिइन् । कालुले त्यसलाई लिएर एक पाना पल्टायो र उसको लागि पढिदिन तिनीसँग अनुरोध गऱ्यो ।



"खाना खान जाउँ हिंड ।" शिक्षक चाइले कालुलाई बोलाए । कालुले पुस्तकलाई कमिजभित्र राख्यो । ताजा मसीको मिठो वास्ना आइरहेको त्यस पुस्तकले आफ्नो छाती थिच्यो ।

खानामा कोदोको ढिंडो र ताजा प्याज राखेको सलगमको तरकारी थियो । एक कचौरा तातो पानी पनि थियो । उनीहरूले खाना खाई सक्दा एउटा कमरेडले शिक्षक चाइको बोरामा किताबहरू प्याक गरिदिए । कालुले

केही किताबहरू लान जिद्दी गरेकोले ती महिलाले बोराबाट केही पुस्तक निकालेर घाँस भएको कालुको डोकोमा घाँसको पत्रमा राम्रोसँग मिलाएर राखी दिइन् । शिक्षक चाइ बोरामा बाँकी रहेको पुस्तकको तौललाई सन्तुलन मिलाएर काँधमा राखेर त्यहाँबाट हिंडे । कालु पनि डोको बोकेर उनको पछि पछि लाग्यो ।



कालुले छिन-छिनमा कमिजभित्र पुस्तक भए नभएको हेर्नबाट आफूलाई रोक्न सकेन । यसरी छामिसकेपछि त्यहाँ भित्र भएको पुस्तक पाएपछि ऊ ढुक्क हुन्थ्यो । "यो पुस्तकमा के लेखेको छ सर ?" ऊ सोध्दै थियो, "मलाई यो बोरा एकछिन बोक्न दिनु हुन्न ?"

कालुको काँधमा धाप मार्दै शिक्षक चाइले भने, "तिमी यसै हिंड मेरो सानो साथी ! तिमीले यो बोक्न सक्दैनौ ।"

उनीहरू शत्रुको अवरोध गृह पुग्नु अगावै बाटोको बीच भागमा पर्ने पहाडमा केही समय सुस्ताए । कालुले अवरोध गृहलाई हेर्दै हिंडेको हुनाले खुट्टा चिप्लेर नालीमा लड्यो । ऊ नालीमा कुत्रुक्क परी बेस्करी हाँस्यो ।

शिक्षक चाइ कालुलाई सहायता गर्न तल झरे । कालुलाई कुनै चोट नलागेको पाएर चाइको चिन्ता हरायो । उनले डोकोको घाँस र पुस्तक निकालेर भने हामी शत्रुबाट टाढा छैनौं । हतारले तिमी उनीहरूको पञ्जामा परेर आफूलाई नष्ट गरौला !"

अचानक बाटोमा सुस्त पदचाप सुनियो । शिक्षक चाइले तत्काल भने, "चाँडो गर !" उनले कालुलाई नालीबाट निकालेर माथि आए ।

कालुले भन्यो, "यस ठाउँलाई चाँडो छोडौं ।" शिक्षक चाइले हिंड्दै भने, "यदि हामी दौडेमा सोझै मृत्युको मुखमा पुग्दछौं । त्यसैले नआत्तिई सधैं जस्तै विस्तारै हिंड ।

कालुलाई आँखाले इसारा गरी शिक्षक चाइले उसको हात समातेर आडैको उकालोतर्फ लागे । उनीहरू निहुरिएर हिंडिरहेका थिए । कहिले काहीं टाउको उठाएर झाडीबाट हेर्ने गर्दथे । सात वा आठ जना कठपुतली सैनिकहरू काँधमा राइफल बोकी नाली नजिकैको भिरालोमा उभिएर वरिपरि हेर्दै थिए । तिनीहरू मध्येको एउटाले भन्यो, "कस्तो अचम्म भयो !





म छक्क परेको छु । मैले एक जना मान्छे र एउटा केटो नालीमा गएको देखेको

"पूर्वी पहाडमा आठौं मार्ग सेना छन् । यहाँबाट भागौं !" कठपुतली सैनिकहरू चिच्याउँदै त्यहाँबाट भागे । शिक्षक चाइ र कालु वायुपंखी घोडे चुचुरोतर्फ लागे ।



कालुको बाजे, गाउँ प्रमुख कुले पहाडको चुचुरोको पत्थरमा बसेर उनीहरूलाई पर्खिरहेका थिए । चिसो हावाले उनको सेतो दाह्रीलाई हल्लाइ रहेको थियो । उनको काँधमा शिकार गर्ने बन्दुक झुण्डिएको थियो । बुढा मान्छे तर्फ हिंड्दै चाइले भने, "ए, ती गोली तपाईले हान्नु भएको थियो !"



"म तपाईलाई नै हेररिहेको थिएँ ।" कु बाजेले आत्मिय हाँसो हाँस्दै भने, "उनीहरूले मलाई पनि पिछा गर्न सक्दथे । त्यसैले मैले तपाईलाई बोलाइन । उनीहरूलाई पूर्वी टाकुरा तर्फ लैजाने उद्देश्येले मैले यहाँबाट गोली चलाएँ ।"

त्यस रात मट्टितेलको बत्तीमा कालुले आफ्नो पुस्तकको पहिलो पाठ सुरू गऱ्यो । "आमा," उसले सोध्यो, "तिमी यो पढ्न सक्छ्यौ ?"

आमाले त्यस पुस्तकको अक्षरहरू हेरिन् । तर एउटै पनि पढ्न सकिनन् । कालुले आमाको घाँटीमा अँगालो हाल्यो र गर्विलो स्वरमा सोध्यो, "आमा, तिमी भोली हामीसँगै स्कुल जान चाहदैनौ ?"

"हामी प्रौढहरूको आफ्नै स्कुल छ ।" उनले पनि गर्वसाथ उत्तर दिइन्, "महिलाहरूका साक्षरता कक्षा भोली बेलुकादेखि सुरू हुँदैछ ।"

हतारिएको पदचापको आवाजले वार्तालाप रोकियो । कालुको बा, जो जापान विरोधी राष्ट्रिय मुक्ति सेनामा भर्ती भएका थिए, बैठक सकेर खाना खान आएका थिए ।

"बा, मलाई यो पुस्तक पढिदिन सक्छौ ?" कालुले सोध्यो ।

उसको बा कहिल्यै पनि स्कुल गएका थिएनन् । तर पनि उनले सेनाका आफ्ना कमरेडहरूबाट केही शब्द सिकेका थिए । पुस्तक नजिक झुकेर उनले बिस्तारै रोकिँदै प्रष्टसँग पढे : "चिनियाँ कम्युनिष्ट पार्टी र अध्यक्ष माओ चिनियाँ जनताका मुक्तिदाता हुन् !"

**समाप्त**

